नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

श्रावण/भाद्र २०७४ (August 2020) वर्ष २४/अङ्क २७८

## प्रभुभोज (भाग १)

- पाष्टर बर्णबास श्रेष्ठ

Lord's Supper **प्रभुको-भोज**

**१ कोरिन्थी १०:१६-१७ : "जुन आशिष्‌का कचौराको निम्ति हामी आशिष्‌ माग्छौं, के त्यो खीष्टको रगतमा हुने सहभागिता होइन र ? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो खीष्टको शरीरमा हुने सहभागिता होइन र ? रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।"**

प्रभु-भोजलाई अंग्रेजीमा कम्यूनियन **(Communion)** भनिन्छ जुन ग्रीक शब्द **Koinonia** कोइनोनिया अर्थात् संगति हो । कोइनोनिया भन्ने शब्द कोइनोनोस **(Koinonos)** भन्ने ग्रीक शब्दबाट आएको हो जसको अर्थ सहभागिता, संगति भन्ने बुझिन्छ । यसर्थ सँगसँगै मिलेर खाने भोज पनि हो यो ।

प्रभुको भोजले गहिरो अर्थ लाग्छ । हामी विश्वसीहरूले यसलाई हल्का रूपमा लिनु हुँदैन । यो केबल येशू प्रभुको मृत्यु र पुनरुत्थानको सम्झनामा मात्र सीमित छैन । प्रभुभोजले प्रभु येशु खीष्ट र मण्डली (जो खीष्टको जीवित शरीर हो) उहाँ प्रतिको हाम्रो समर्पण, भरोसा र भक्ति पनि जनाउँछ र उहाँको आगमनका लागि आशावादी बनाइराख्छ । यो कार्य मण्डलीले उहाँ नआउञ्जेसम्मै अक्सर गर्दैरहनुपर्छ ।

### प्रभु-भोजको पृष्ठभूमि

वास्तविक प्रभुभोजको सुरुआत येशू प्रभु आफैले गर्नुभयो र मण्डलीलाई यो अक्सर गर्दै गर्न आज्ञाको रुपमा दिनुभयो । उहाँले आफ्नो मृत्युभन्दा अघि चेलाहरूसँगै बसेर खानुभएको भोज नै पहिलो प्रभुभोज हो । जसलाई अंग्रेजीमा "लोड्‌स सपर" भनिन्छ ।

**१ कोरिन्थी ११:२३-३१ – "किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।" किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ ।..."**

### प्रभु-भोज र नयाँ करार

पुरानो नियममा धेरै कारारहरू पाउँछौ तर ५ ओटा कराररहरू जो परमेश्वरले विभिन्न व्यक्तिहरूसँग बाँध्नुभयो, जो प्राय: चर्चा गरिन्छ ।

१. परमेश्वरले आदमसँग करार बाँध्नुभयो (उत्पत्ति २:१६-१७) । (आदमद्वारा भङ्ग होशे ६:७)

२. परमेश्वरले नोहासँग करार बाँध्नुभयो (उत्पत्ति ९:१-१७) ।

३. परमेश्वरले अब्राहामसँग करार बाँध्नुभयो (उत्पत्ति १२:१-३) ।

४. परमेश्वरले मोशा र इस्राएलका सन्तानसँग करार बाँध्नुभयो (प्रस्थान १९:५-६) ।

५. परमेश्वरले यरुशलेमको सम्बन्धमा दाऊदसँग करार बाँध्नुभयो (२ शमूएल ७:८-१७) ।

हामी यहाँ परमेश्वरले मोशा र इस्राएलका सन्तानसँग गर्नुभएको करारको सम्बन्धमा विचार गरौं ।

**प्रस्थान १९:५-६ : "अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ । सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ । इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन्‌ ।"**

करार दुई पक्षको बीचमा हुन्छ । प्रथम पक्ष र द्वितीय पक्ष । करारमा सर्तहरू हुन्छन्‌ । प्रथम पक्षले के के गर्नुपर्छ र दोस्रो पक्षले के के गर्नुपर्छ । जब परमेश्वरले इस्राएलीहरूसंग करार बाँध्नुभयो, परमेश्वर (प्रथम पक्ष) ले के के गर्नुहुन्छ सो हामी प्रस्थान १९: ५-६ पदमा पाउँछौं । मानिसहरू (दोस्रो पक्ष) ले गर्नुपर्ने कर्तव्य प्रस्थान १९ अध्याय देखि २४ अध्यायसम्म पाउँछौं ।

करार पक्का गर्न रगत बगाउनपर्ने, यो एक प्रकारले सहीछाप गरेर (सिल गरेको) पक्का गरेको हो ।

**प्रस्थान २४:६-८: "मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा रगतचाहिँ वेदीमा छर्के । त्यसपछि तिनले करारको पुस्तक लिएर मानिसहरूका सामुन्ने पढे । तिनीहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी हुनेछौं ।" तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ ।" मत्ती २६:२८, मर्कुस १४:२४ ...**

पहिलेको करार अनुसार मानिसहरू चलेनन्‌ । आफ्नो पतिसँगको करार भङ्ग गरेर अन्य मानिसहरूसँग गए जस्तै, एक प्रकारले आत्मिकी व्यभिचार भयो । दोस्रो पक्षले करार भंग गरे यसैले

परमेश्वरले त्यागिदिनुभयो । यो एक प्रकारको डिभोर्स भए जस्तै । **यर्मिया ३:८, (इस्राएल व्यभिचारी भइन् र परमेश्वरले त्यागिदिनुभयो ।)** तर परमेश्वर कृपालु हुनुहुन्छ र अर्को मौका दिनुहुन्छ ।

**यर्मिया ३१:३१-३३ : परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु । तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्र देशबाट डोऱ्याएर ल्याएको थिएँ ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ ।" परमप्रभु भन्नुहुन्छ,"ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन् ।**

यस्तै प्रतिज्ञा हामी इजकिएल ३६ को २६ र २७ मा, अनि २ कोरिन्थी ३:३ मा पनि पाउँछौं ।

पहिले व्यवस्था ढुङ्गाको पाटीमा लेखिएको थियो जो मानिसहरूले पालन गर्न सकेनन् त्यसो त मोशा आफैले फुटाइ पनि दिए र दोस्रो पटक पनि दिनु पऱ्यो र यो पनि मानिसले पालन गरेनन्, त्यसैले परमेश्वरले नयाँ करार मानिसको हृदयमा लेखिदिन चाहनुभयो र अघिबाट नै अगमवक्ताहरूद्वारा यो उहाँले प्रकट गर्नुभयो । परमेश्वरले प्रतिज्ञा गर्नुभए अनुसार नै उहाँले नयाँ करार स्थापित गर्नुभयो । नयाँ करारअनुसार उहाँको व्यवस्था अब हाम्रो हृदयमा लेखिएको छ । जब जब हामी प्रभुभोज लिन्छौं, यो करारको सम्झना गर्दछौं । प्रभुभोजमा सामेल हुने कुरालाई हल्का रूपमा लिन मिल्दैन र अक्सर यसमा सामेल हुन आज्ञा गरिए अनुसार हामी मण्डलीले यो काम गर्नुपर्छ । प्रभुभोजमा सहभागी हुने व्यक्तिहरूले यसको बेवास्ता गर्नु, प्रभुभोज लिने बेला उठेर जानु भनेको उहाँको करारलाई बेवास्ता गर्नु हो ।

**लूका २२:२० - यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो ।"**

मण्डली सदस्य उहाँको जीवित शरीरको अंग हो र उहाँको शरीर र रगतको सहभागी हुने कुरालाई बेवास्ता गर्नु हुँदैन र अयोग्य रीतिले अर्थात् पाप जिइराख्ने व्यक्ति उहाँको पवित्र देह र रगतको सहभागी हुनु भनेको उहाँको अपमान गर्नु हो । त्यसैले रोटी र कचौरामा सहभागिता जनाउनु अघि पश्चात्ताप गर्नु र पाप र अधर्मको क्षमा माग्नु आवश्यक छ ।

**१ कोरिन्थी ११:२७ – यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ ।**

**१ कोरिन्थी ११:२९ – किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ ।**

**हिब्रू १०:२९– तिमीहरू आफै विचार गर: परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन् कति बढी कडा दण्डको योग्य ठहरिनेछ ।**

# विशेष प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनीतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको साथै इमान्दारिताको लागि प्रार्थना गरौं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

४. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनीतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

५. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दु:ख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. देशको विभिन्न भागमा बाढी पहिरोको कारण दु:ख पाएकाहरूले समयमा नै राहतहरू पाउन सकून् साथै पुनर्स्थापनको लागि प्रार्थना गरिदिऔं ।

७. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

९. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

१०. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

११. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र अगुवाइमा आत्माले डोऱ्याएकाहरू भई जिउन सकून् ।

१२. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।


१३. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न कुनै पनि रणनीति नअपनाइकन परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

१४. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् ।

# हार्दिक बधाई



असार २५ गते/जुलाई ९ तारिख बिहीबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **जितेन्द्र देउला** र इम्माउस शिखर मण्डली पालुंगकी सदस्य सुश्री **देवकी देउला**को इम्माउस शिखर मण्डली पालुंगमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जितेन्द्र** र **देवकी देउला**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण ४ गते/जुलाई १९ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीका सदस्यहरू श्री **डेविड राई** र सुश्री **रोनियल गजमेर**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **डेविड** र **रोनियल राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




आषाढ २८ गते/जुलाई १२ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **विष्णु देउला** र काठमाडौं बाइबल मण्डली वनस्थलीको सदस्य सुश्री **शेरा लामा**को काठमाडौं बाइबल मण्डली वनस्थलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विष्णु** र **शेरा देउला**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण १५ गते/जुलाई ३० तारिख बिहीबार नेइम सिर्जनानगर मण्डलीका सदस्यहरू श्री **सामुएल तामाङ्ग** र सुश्री **अलिसा नेवार** को नेइम सिर्जनानगर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सामुएल** र **अलिसा तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





आषाढ ३१ गते/जुलाई १५ तारिख बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **विरेन्द्र सापकोटा** र जीवित मण्डली कलंकीको सदस्य सुश्री **अप्सरा कुमारी कार्की**को जीवित मण्डली कलंकीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विरेन्द्र** र **अप्सरा कुमारी सापकोटा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।


## जानकारी



फुटुङ्ग बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री पूर्ण बहादुर पाखीन ७७ वर्षको उमेरमा वैशाख २९ गते/जुन ११ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



इचंगु बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती सीता रावत ७७ वर्षको उमेरमा श्रावण २ गते/जुलाई १७ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



रसुवा बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री सानु ललित बहादुर थापा ८७ वर्षको उमेरमा श्रावण ८ गते/जुलाई २३ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १८ 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि प्रार्थना गरौं ।<br>२ तिमोथी ४:१-५ | २५ 9<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>यहोशू १:३-५ | ३२ 16<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ७ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-४ | १४ 30<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डली-लाई पनि बढाउन सकून् ।<br>१ फिलिप्पी २:१-५ |
| **सोमबार** Monday | १९ 3<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>यशैया ५५:८-११, | २६ 10<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | १ भाद्र 17<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३ | ८ 24<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | १५ 31<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून्।<br>एफिसी २:१० |
| **मंगलबार** Tuesday | २० 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १३:३२-३७ | २७ 11<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | २ 18<br>हामी सबै एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ९ 25<br>यी आखिरी दिनहरूमा विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | १६ September 1<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ |
| **बुधबार** Wednesday | २१ 5<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | २८ 12<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | ३ 19<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | १० 26<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १७ 2<br>भारतको मुम्बई ,पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **बिहीबार** Thursday | २२ 6<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | २९ 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | ४ 20<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान सकौं र एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकून् ।<br>रोमी १५:१-६ | ११ 27<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | १८ 3<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **शुक्रबार** Friday | २३ 7<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>लेवी २६:११-१३ | ३० 14<br>मण्डली, सेवा संगति साथै झुण्डहरूलाई प्रभुमा डोऱ्याउन सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरौं ।<br>प्रेरित ११:१९-२१ | ५ 21<br>मानिसहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १२ 28<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | १९ 4<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>कलस्सी २:६-७ |
| **शनिबार** Saturday | २४ 8<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ३१ 15<br>परमेश्वरले हामीप्रति गर्नुभएको महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>भजनसंग्रह ४०:९-१० | ६ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १३ 29<br>देशभरि हुने आराधना सेवाहरूमा चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | २० 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**"किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु", परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई । तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु । जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।"**

**यर्मिया २९:११-१३**